म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३०७ बुधबार, ४ असार २०८२ ने. सं. ११४५ तछलागा 18 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## श्रीमती भेट्न पुगेका युवकको लडेर मृत्यु

हेटौंडा, ३ असार/हेटौंडा उपमहानगरपालिका-१० बसपार्कस्थित रोशन होटल एण्ड लजमा श्रीमती भेट्न पुगेका युवकको लडेर मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका-१२ पदमपोखरी स्थायी घर भएका करिब ३० वर्षीय अमित मोक्तान २ असार सोमबार राति मृत फेला परेका हुन् । उनकी श्रीमती ममता प्रजा सोही होटलमा काम गर्थिन् । अमित राति लज भएको घरको छतबाट खसेको प्रहरीले बताएको छ । मृतक मोक्तान उनलाई भेट्न होटल पुगेको प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । होटलको तेस्रो तलास्थित छतमा पुगेका मोक्तान रेलिङबाट अचानक खस्न गई भुईंमा लडेको प्रहरीलाई भनिएको छ । प्राथमिक उपचारपछि थप उपचारका लागि उनलाई राति नै चितवनस्थित भरतपुर अस्पतालमा रिफर गरिएको थियो । उनलाई मंगलबार बिहान भरतपुर अस्पतालका चिकित्सकले मृतघोषणा गरेको डीएसपी अर्यालले बताए । प्रारम्भिक अनुसन्धानबाट घटना शंकास्पद नदेखिएको डिएसपी अर्याल बताउँछन् । मृतक मोक्तानको शव भरतपुर अस्पतालको शवगृहमा राखिएको प्रहरीले जनाएको छ । प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको छ ।

महिला उद्यमीको गुनासो:

# 'बजारीकरण नहुँदा स्थानीय उपज टेबलमा मात्र प्रदर्शन भएको छ'



साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ उत्पादित वस्तुको बजारीकरण मुख्य चुनौतीको रुपमा देखापरेको महिला उद्यमीले बताएका छन् ।

महिलाले उत्पादन गरेका वस्तुको बजारीकरण हुन नसक्दा स्थानीयउपज टेबलमा मात्र प्रदर्शन गरेर राख्नुपरेको उनीहरुले बताएका छन् । महिला उद्यमी बनिसकेपछि बैकिङ पाटोदेखि आर्थिक व्यवस्थापन सम्मका समस्या झेल्नुपरेको उनीहरुको भनाई छ । मकवानपुर घरेलु तथा साना उद्योग संघ एवम् महिला उद्यमी समितिको आयोजना र उद्योग तथा वाणिज्य कार्यालयको प्रायोजनमा मंगलबारदेखि हेटौंडामा सुरु भएको ३ दिने महिला उद्यमी सम्मेलनको क्रममा यस्तो गुनासो गरेका हुन् ।

महिला समितिकी अध्यक्ष चन्द्रावती पनेरुले राज्यको अपारदर्शी कानुनको कारण महिला उद्यमीले व्यवसाय नै सञ्चालन गर्न नसकेको बताइन् । भन्सार शुल्क, ढुवानीभाडा अत्याधिक हुँदा कच्चापदार्थ आयत गर्न समस्या भएको उनले बताइन् । अध्यक्ष पनेरुले घरेलु उद्योगले समयानुसार प्रतिस्पर्धा गर्न नसक्दा बन्द गर्नुपर्ने अवस्थामा पुगेको उल्लेख गरिन् । खुल्ला सीमानाको कारण कच्चापदार्थ आयात गरेको देशसँग नै आफूहरुले प्रतिस्पर्धा गर्नुपरेको उनले बताइन् । घरेलु तथा साना उद्योगले नेपालको कुलगाहर्स्थ उत्पादनमा २० प्रतिशत सम्म योगदान पुऱ्याउँदै आएको उनले बताइन् ।

तीनवटै तहको सरकारले घरेलु उद्योगलाई संरक्षण गर्ने नीति निर्माण गर्नुपर्नेमा उनले जोड दिइन् । अध्यक्ष पनेरुले महिला उद्यमीको लागि सरकारले प्रविधि हस्तान्तरणका कार्यक्रम ल्याउनुपर्ने बताइन् । त्यसैगरी सम्मेलनमा घरेलु तथा साना उद्योग महासंघका बागमती प्रदेशका अध्यक्ष तारानाथ चौलागाईले महिला उद्यमशीलता हुँदा राष्ट्रको आर्थिक विकासमा टेवा पुग्ने बताएका छन् । सामाजिक विकास र लैंगिक समानताको लागि पनि महिला उद्यमी हुन जरुरी भएको उनले बताए ।

प्रदेशअध्यक्ष चौलागाईले महिला उद्यमी हुँदा परिवारकै आर्यआर्जन बढ्ने उल्लेख गरेका छन् । रोजगारीका अवसर सिर्जना गर्नमा पनि महिलाउद्यमीको भूमिका महत्वपूर्ण रहेको उनले बताएका छन् । उत्पादित वस्तुको बजारीकरण चुनौती रहेपनि अवसर पनि पर्याप्त रहेको अध्यक्ष चौलागाईको भनाई छ । कार्यक्रमका प्रमुख अतिथि घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय कार्यबाहक अध्यक्ष सूर्यबहादुर कँडेलले आर्थिक उपार्जनको क्षेत्रमा महिला लाग्नुपर्ने बताएका छन् । राज्यको नीतिको कारण महिला समाजमा हेपिएर बस्नुपरेको उनको भनाई छ ।

पुरुषले भन्दा बढी श्रम महिलाले गरेपनि पारिश्रमिक पुरुषले धेरै पाउने गरेको उनले बताए । अब पुरुषले पनि भान्साघरको काम गर्नुपर्ने कार्यबाहक अध्यक्ष कँडेलको धारणा छ । उत्पादित वस्तुलाई मेला महोत्सवमा प्रर्दशनमा राखेर मात्र आर्थिक उपार्जन नहुने उनको भनाई छ । मुलुकको शासनसत्तामा बसेकाहरुले उद्यमीद्वारा उत्पादित वस्तुको बजारीकरणको जिम्मा लिनुपर्ने उनको धारणा छ । कार्यबाहक अध्यक्ष कँडेलले नेपाली वस्तुको प्रचारप्रसार हुन नसक्दा बजारमा विदेशी वस्तु आयात भइरहेको बताएका छन् ।

समितिकी अध्यक्ष पनेरुको सभाध्याक्षतामा भएको कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालय हेटौंडाका प्रतिनिधि शकुन्तला पराजुली, घरेलु तथा साना उद्योग महासंघका बागमती प्रदेशका महासचिव शनिस लगेजु, संघका मकवानपुर अध्यक्ष कुमार पौडेल, अन्य जिल्लाका अध्यक्ष क्रमश: सिन्धुलीकी राधा खड्का, दोलखाका धनबहादुर तामाङ, काभ्रेका नितेश राजभण्डारी, काठमाडौंका डोल्मा शेर्पा, रामेछापका शेरबहादुर थापामगर, चितवनका मदन घिमिरे, धादिङका नवराज छत्कुल्ली, ललितपुरका राममान महर्जन, भक्तपुरका श्याम श्रेष्ठ, रसुवाका कला लामा साम्देन, नुवाकोटाका महासचिव नारायणप्रसाद नेपाल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, टोल विकास संस्था नगरसमन्वय समिति मकवानपुरका अध्यक्ष धुव्र अधिकारी लगायतको आतिथ्यता रहेको थियो । असार ५ गतेसम्म चल्ने सम्मेलनमा महिला उद्यमीले स्थानीय उत्पादनको स्टल राखेका छन् ।

# जटिल रोगका बिरामीलाई मनहरी गाउँपालिकाले मासिक ५ हजार दिने



साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ मनहरी गाउँपालिकाले आर्थिक अवस्था कमजोर भएर मृगौला प्रत्यारोपण, डायलासिस सेवा लिइरहेका, क्यान्सर र मेरुदण्डको पक्षाघात भएका बिरामीलाई मासिक ५ हजार रुपैयाँ निर्वाह भत्ता उपलब्ध गराउने भएको छ ।

जटिल प्रकृतिका रोग लागेकालाई औषधिउपचारमा सहयोग पुऱ्याउने र सहज जीवनयापनमा मद्दत पुऱ्याउने उद्देश्यले पालिकाले मासिक निर्वाह भत्ता उपलब्ध गराउन लागेको हो । मनहरी गाउँपालिकाको सोमबार भएको गाउँसभाको १७ औं अधिवेशन (नीति तथा कार्यक्रम)मा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले यस्तो जानकारी दिएका हुन् ।

गर्भवती महिलाको आधारभूत जाँच तथा भिडियो एक्सरे सेवा नि:शुल्क प्रदान गरिने र सतप्रतिशत आमालाई स्वास्थ्य संस्थामा सुत्केरी गराई पूर्णसंस्थागत सुत्केरी भएको पालिका निर्माण गर्ने कार्यक्रम सञ्चालन गरिनुका साथै कडा रोग लागेका गरिब तथा अतिविपन्न, असहाय र पूर्णअपाङ्ग भएकाका लागि एम्बुलेन्स सेवामा छुट दिइने भएको छ । मनहरीले सबै वडाको घरघरमा शुद्ध खानेपानी पुऱ्याउने कार्यलाई पहिलो प्राथमिकतामा राखिने भएको छ ।

पालिकामा बसोबास गर्ने चेपाङ, बोटे, बनकिरिया लगायतका अल्पसंख्यक तथा मुस्लिम र दलित समुदायलाई विकासको मूलप्रवाहीकरणमा ल्याउने योजना सञ्चालन गरिने भएको छ ।

पालिकाभित्र सम्भाव्य पर्यटकीयक्षेत्रको विकास र सञ्चालनको उचित मार्गदर्शनका लागि कानुन तर्जुमा गरी मनहरी पर्यटन विकास बोर्ड गठन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

पालिकाका जोसुकै व्यक्तिको मृत्यु भएमा अध्यक्ष वा उपाध्यक्ष उपस्थित भई समवेदना व्यक्त गर्ने र सम्बन्धित वडाको सिफारिसको आधारमा मृत्यु संस्कारमा सहयोग पुऱ्याउन २० हजार रुपैयाँ सहयोग गर्ने कार्यलाई निरन्तरता दिइने भएको छ ।

# पुडासैनीद्वारा कुखुराको चल्ला बितरण



साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ हेटौंडा-११ का ब्यवसायी प्रभाकर पुडासैनीले १२० घरधुरीलाई उन्नत जातको हब्बर्ड कुखुराको चल्ला बितरण गरेका छन् ।


हेटौंडा-११ स्थित सिमलटार युवा क्लबका अध्यक्ष समेत रहेका पुडासैनी पोल्ट्रीफर्मका संचालक प्रभाकर पुडासैनीले सिमलटार सहयोगी समाजमाआबद्ध सदस्यलाई लक्षित गरी चल्ला बितरण गरेको बताए ।

सिमलटारको खेलमैदान निर्माण, खेलाडी उत्पादन लगायत विभिन्न सामाजिक कार्यमा सक्रियता देखाउने युवा ब्यवसायी पुडासैनीले बिपन्नको आयअर्जनमा आफ्नो लगानी होस् भन्ने उद्देश्यले चल्ला बितरण गरेको बताए । पुडासैनी सिमलटार टोलविकास संस्थाका सल्लाहकार पनि हुन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# हेटौंडामा पानी वितरण

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले दैनिक ३ करोड ७० लाख लिटर पानी वितरण गरिरहेको छ । ६ सय २८ किलोमिटर लामो पाइपलाइनमार्फत् दैनिक ३ करोड ७० लाख लिटर पानी उत्पादन भई २८ हजार ४ सय ६३ धारामा दैनिक सरदर ८ देखि १० घन्टा पानी वितरण भइरहेको छ । हाल बोर्डले ३९ वटा डिप ट्युबवेल, १५ वटा समवेल मार्फत उत्पादन गरिरहेको छ । १९ वडा रहेको हेटौडा उपमहानगर क्षेत्रका १६ वटा वडामा बोर्ड मार्फत् खानेपानी वितरण हुँदै आएको जानकारी दिइएको छ । केही वडामा उपभोक्ता समितिमार्फत् पानी वितरण हुने गरेको छ । बोर्डका अनुसार वडा नं. २, ४, ५, ६, ७, ८, ९, १० र १४ पुरै र वडा नं. १, ३, १५, १६, १७, १८ र १९ का आंशिक क्षेत्रमा बसोबास गर्ने करिब १ लाख ६५ हजार नगरबासीलाई दैनिक पानी वितरण गर्दै आएको छ । बोर्डले मासिक रुपमा १ करोड २० लाख रुपैयाँ पानी महशुल उठाउने गरेको छ ।

बोर्डले आफ्नै स्रोतबाट नगरक्षेत्रामा १५ वटा डिप ट्युबेल, मकवानपुरगढी गाउँपालिकामा ३, भीमफेदी गाउँपालिकामा २ र हेटौंडा ९ मा एकवटा गरी ६ थान साना ट्युबेल निर्माण गरेको छ । संघीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौंडा उपमहानगरपालिका र बोर्डको सहलगानीमा करिब १५ करोडको लागतमा ओभर हेड पानी ट्याङ्की १ वटा, भूमिगत पानी ट्याङ्की ३ वटा, डिप बोरिङ ४ वटा मुख्य तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणको काम गरिएको छ । संघीय सरकारको ८ करोडको लगानीमा हेटौंडा १९ मा पानी ट्याङ्की, कार्यालय भवन तथा पालेघर निर्माण, प्रमुख तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणको कामअन्तर्गत अपुरो रहेका योजना सम्पन्न गर्न बोर्डबाट ३ करोड रुपैयाँ लगानी गरी योजना सम्पन्न गरिएको छ । बागमती प्रदेश सरकारसँगको सहकार्यमा हेटौंडा-१९ बस्तीपुरमा साना ट्युबेल निर्माण, हेटौंडा-१६ मा डिप ट्युबेल, त्रिशुलीमा ५ लाख लिटर क्षमताको भूमिगत पानी ट्याङ्की निर्माणको काम र करिब २० हजार किलोमिटर प्रमुख तथा शाखा पाइपलाइन विस्तार गरिएको छ । हालसम्म बोर्डमा हेटौंडाको वडा नं. ३, ६, ७, १४, १५, १६, १७, १८ र १९ मा १६ वटा खानेपानी उपभोक्ता समितिबाट खानेपानीको पूर्वाधार सहित ९ हजार ५ सय धारा हस्तान्तरण गरिएको छ । त्यसैगरी हेटौंडामा २० करोड रुपैयाँ भन्दा बढीको लगानीमा खानेपानी योजना निर्माण हुने भएको छ । हेटौंडा उपमहानगरपालिका र संघीय सरकारको सहलगानीमा खानेपानी योजना निर्माण हुन लागेको हो ।

उपमहानगरको ९, १४ र १५ नम्बर वडालक्षित गर्दै सिमलटार-रातोमाटे सहलगानी खानेपानी योजना अन्तरगत ठुलो लगानीको काम हुने भएको छ । २० करोड ५६ लाखको लगानीमा हेटौंडा-९ को बेतखोल्सीमा ६ लाख लिटर, हेटौंडा-१५ पिसपार्कमा २ लाख लिटर र हेटौंडा-१४ मा २ लाख लिटरको खानेपानी टंकी निर्माण गरिने छ भने हेटौंडा-१४ मै २ वटा सामवेल बनाउने सम्झौतामा उल्लेख छ । मधेश प्रदेशमा पानीको संकट समाधान गर्न हेटौंडाको राप्तीखोलको पानी दुधौराखोलामा मिसाउन सम्भाव्यता अध्ययन थालिएको छ । यो सम्भाब्यता देखिएको खण्डमा हेटौंडा भएर बग्ने राप्तीनदीको पानी मधेशको दुधौरामा झारिने छ । राप्तीलाई हेटौंडाबाट डाइभर्सन गरी बाराको दुधौरा पुऱ्याइने योजना छ । यसबाट बारा र पर्सामा खानेपानीको आवश्यकता परिपूर्ति हुनेछ । खानेपानी तथा ढल व्यवस्थापन विभागले सार्वजनिक सूचनामार्फत् सम्भाव्यता अध्ययन गरेको हो । पूर्व-पश्चिम राजमार्गभन्दा दक्षिण राप्ती बगरबाट करिब १२ किलोमिटरमा पर्ने दुधौरा नदीको स्रोत रहेकै ठाउँमा पानी खसाल्ने योजना बनाइएको छ ।

# ‘हिप्पोक्रेसी’बाट आक्रान्त राजनीति



खिमलाल देवकोटा

एक बेलामा जोडतोडका साथ बोलिएको कुरा अर्को बेलामा ठीक उल्टो बोल्न सक्ने क्षमतालाई हिप्पोक्रेसी भनिन्छ । यो प्रवृत्ति राजनीतिमा हावी छ । त्यसमा पनि वासिङ्टनदेखि सिंहदरबारसम्म फैलिएको छ । शक्तिका खेलाडीहरू बीचको सम्बन्ध प्राय: अनपेक्षित रूपमा कहिले सुल्टो कहिले उल्टो सम्बन्धमा देखिन्छन् । कहिले औधी प्रशंसा, कहिले औधी घृणा गर्ने चलन छ । पात्र उही, घटना उहीह खाली आफ्नो संगत फरक भएकै आधारमा आफ्नै बचनलाई उल्टाउन सक्ने चरित्र राजनीति बाहेक अन्यत्र विरलै देखिएला ।

अमेरिकामा बन्दै र भत्कँदै गरेको डोनाल्ड ट्रम्प र एलन मस्क बीचको सम्बन्धदेखि नेपालमा केपी ओली, प्रचण्ड, देउवा, माधव सहित रवि र राजेन्द्र लिङ्देनहरूसँगको प्रशंसा र घृणाका शृंखला अनुभूति गर्न सकिन्छ । राजनीतिक नेताहरूबीचको अस्थिर, अनपेक्षित र अपारदर्शी गठबन्धनसम्मका सम्बन्धहरू फाइदा, लेनदेन र अवसरवाद बढ्दो रूपमा प्रवृत्त र प्रमाणित पनि छन् । यस आलेखले ट्रम्प-मस्क लभ एन्ड हेट रिलेशन र नेपालका बहुरंगी गठबन्धन बीचका भिन्नता र समानताको चित्रण गर्दछ । कसरी आधुनिक राजनीति स्थिर विचार धारा भन्दा व्यक्तिगत फाइदावादको रसायनले बढी भूमिका निर्वाह गर्दछ भनेर बुझ्न सघाउने अपेक्षा पनि छ ।

**ट्रम्प-मस्क : राजनीतिक मित्रताको नयाँ प्रकार**

अमेरिकामा डोनाल्ड ट्रम्प र एलन मस्कले राजनीति र व्यवसायमा दुई उच्च व्यक्तित्वको प्रतिनिधित्व गर्छन् । अघिल्लो निर्वाचनका बखत ट्रम्पका विरोधी मस्क एकाएक ट्रम्पका कट्टर समर्थक मात्र भएनन् उनका मुख्य क्याम्पेनर नै भएर ट्रम्पलाई ह्वाइट हाउस भित्र्याउने काम गरेर उनी आफू समेत महत्वपूर्ण भूमिका सहित भित्रिए । अमेरिकी प्रशासनको खर्च कटौतीको महत्वपूर्ण विभागको प्रमुखका रूपमा भित्रिएका मस्क क्याबिनेट बैठकमा पनि बस्न थाले । ट्रम्पका भित्रिया सहयोगीका रूपमा रहेका मस्कलाई ट्रम्पले भावी राष्ट्रपतिसम्म भन्न भ्याए । यही मेसोमा ह्वाइट हाउसको जनाकारी विनै एलन मस्कको स्टार लिंक वाईफाई जडान गर्न भ्याए । यस्तो अनौपचारिक सम्बन्धका मस्क र ट्रम्प एक वर्ष नबित्दै पानी बाराबारको स्थितिमा पुगे ।

ट्रम्पलाई महाअभियोग लगाउनुपर्छ भन्ने मस्क र मस्कका सबै ठेक्का रद्द गरिदिन्छु भन्ने ट्रम्पका अभिव्यक्ति आए । भलै दुई दिनपछि मस्कले आफ्ना पूर्ववत् अभिव्यक्तिमा आफूलाई पश्चात्ताप रहेको भन्दै केही स्टाटस मेटे । उनीहरूको सम्बन्धमा आएको उतारचढावले राजनीतिक लोकप्रियतावाद र प्रविधि र पूँजी बीचको जटिल सम्बन्धको चरित्र उजागर गर्दछ । परम्परागत राजनीतिको खिलाफमा उदाएको व्यावसायिक महाशक्ति मस्कले ट्रम्प र जो बाइडेन दुवैको सन्दर्भमा, विशेषगरी विद्युतीय सवारी साधन, अन्तरिक्ष नीति र सीमारहित सञ्चार प्रविधिको स्वतन्त्रता जस्ता मुद्दाहरूको वरिपरि, खुला रूपमा आलोचना र प्रशंसा गरेका छन् ।

अर्कोतर्फ, ट्रम्पले मस्कको सहारामा युवा र स्वच्छन्दतावादी झुकाव भएका मतदाताहरूको मन जित्ने कोसिस गरेर आफ्नो ह्वाइट हाउस यात्रा सफल बनाएका थिए । कुरा स्पष्ट छ कि उनीहरूको सम्बन्ध साझा विचारधारामा आधारित छैन, बरु पारस्परिक लाभमा आधारित छ । मस्कले आफ्नो प्रविधि साम्राज्यको लागि अनुकूल अवसर पाउने र यसकै बलमा ट्रम्पले प्रविधिमैत्री र व्यापारी मतदाताका बीचमा वैधता प्राप्त गर्ने यो शक्ति र अवधारणाको संयुक्त लेनदेनमा पूरै निर्भर थियो । तर, केही दिनयता त्यो सम्बन्धमा दरार आएको छ, यसका छिटा संसारभर देखिन थालेका छन् ।

**नेपालको राजनीतिक त्रिकोण**

नेपाल कहिल्यै अन्त्य नहुने संक्रमणबाट आक्रान्त छ । नेपालका शीर्ष नेताहरू समान रूपमा यो संक्रमणले भरिपूर्ण तरल राजनीतिक वातावरणमा काम गर्न अभ्यस्त भइसकेका छन् । तर कमजोर संस्थागत हालत र वैचारिक अस्पष्टताका कारण धेरै ठूलो दावाका साथ दीर्घकालीन फाइदा लिने वा लेनदेन गर्ने हालतमा भने उनीहरू छैनन् । साम्यवादी मत राख्ने कम्युनिष्टदेखि सामन्तवादी राजा फर्काउनेसम्म, सहमत हुँदासम्म राजासँग घाँटी जोडिएको अलाप गर्ने र असहमत हुँदा गणतन्त्रवादी हुने कांग्रेसका बीचमा कुनै न कुनै विन्दुमा गठबन्धन गरेको छ, बनिरहेको छ र भविष्यमा समेत बन्नेछ भनियो भने गलत हुँदैन ।

शक्ति बाँडफाँटको मान्यतामा आधारित गठबन्धन हावी भएको समकालीन नेपाली राजनीतिले नक्कली रणनीतिक र संकट दुवै किसिमको राजनीतिक चालबाजीलाई स्वीकार गर्दछ । केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, शेरबहादुर देउवा, माधवकुमार नेपाल, रवि लामिछाने र राजेन्द्र लिङ्देन बीचको विकसित सम्बन्धले यो जटिल जाललाई छरपस्ट ढंगले प्रकट गर्दछ । हिजो रवि र आलमका बारेमा केपी ओलीका वाणी आज ठिक उल्टो भएको छ । त्यसैगरी, चुनावका बेलाको लिङ्देनको प्रशंसा आज गालीमा परिणत भएको छ । हिजोको विरोध वा समर्थन वा आजको क्रियाकलापको अन्तर्य एउटै हो, त्यो विचारमा आधारित छैन सत्ता स्वार्थमा आधारित छ ।

**केपी-प्रचण्ड : स्वार्थको सम्बन्ध र विच्छेद**

एकीकृत कम्युनिष्ट पार्टी गठन गर्न एमाले र माओवादी सहमत हुनु, केपी र प्रचण्डको सम्बन्धको सकारात्मक उत्कर्ष थियो । यो एकीकरणलाई एक ऐतिहासिक र परिवर्तनकारी कदमको रूपमा हेरिएको थियो । ओली र प्रचण्डले क्रमश: एमाले र माओवादी विरासतको प्रतिनिधित्व गर्दै दृष्टिकोण र शक्तिमा एकताको प्रक्षेपण गरेका थिए । तर, ट्रम्प र मस्क जस्तै, उनीहरूको सम्बन्ध कहिल्यै पनि जैविक थिएन । यो स्वार्थको र स्वार्थपूर्तिको आवश्यकताको भुमरीमा बनाइएको सम्बन्ध थियो भन्ने कुरा लगत्तैका घटनाक्रमले पुष्टि गरे ।

संसदीय राजनीतिमा गणित मिलाउन बलशाली मत सहितको कुर्सी प्राप्त गर्न र विपक्षलाई दमन गर्ने मौकाका रूपमा उपयोग भयो । मौका परस्त र उपयोगवादी राजनीतिक शैली, महत्वाकांक्षाले पृष्ठभूमिमा रहेको उनीहरूका विचारधारात्मक मतभिन्नताहरू चाँडै नै देखा परे । ओलीको केन्द्रीकृत नेतृत्व, पार्टी र सरकारको शक्ति बाँडफाँटमा टकराव पैदा गर्ने कारण बन्यो । संसद् विघटन, सरकार विघटन र पार्टी विघटन हुँदै नेकपाको फुट र सर्वोच्च अदालतको प्रयोगसम्म पुग्यो । अन्तत: यो एक रणनीतिक सम्झौता थियो, मनको विलय थिएन भनेर प्रमाणित गऱ्यो ।

**शेरबहादुर देउवा : सत्ताकेन्द्रित मध्यमार्गी**

अनिर्णयको लागि प्राय: उपहास गरिने देउवा, अप्रत्यासित रूपमा नेपालको शक्ति संघर्षमा केन्द्रीय भूमिकामा देखा पर्दछन् । देउवाले आफूलाई परस्पर विरोधीहरूका बीच मौकामा चौका हान्ने कौशलता प्रयोग गर्छन् । कहिले माओवादी, कहिले एमालेलाई बोकेर भए पनि शक्ति आर्जन, सञ्चय र प्रयोग गर्दै उनले सधैं आफूलाई शक्तिको केन्द्रमा राख्न सफल भइरहेका छन् । संकटमा उनी मध्यस्थकर्ताका रूपमा प्रस्तुत हुन्छन् । उनले विभिन्न समयमा ओली, प्रचण्ड र माधवसँग काम गरेका छन्, वैचारिक मेलका आधारमा भने हैन राजनैतिक आवश्यकताले भन्न रुचाउँछन् ।

निर्वाचनका बखत प्रचण्डसँगको उनको सम्बन्धले गणित बढायो र वर्तमान सत्तारुढ गठबन्धनको गठनलाई सक्षम बनायो । केपी ओलीसँग, उनले रणनीतिक दूरी कायम राखेरै सहकार्य जारी राखेका छन् । देउवा आफ्नो लचिलोपन र दुवै पक्षसँग खेल्ने क्षमतामा मस्कसँग मिल्दोजुल्दो छन् । ट्रम्प र बाइडेन दुवैसँग संलग्न मस्कले जस्तै, देउवाले पार्टी लाइनहरू बाहेक पनि सौहार्दपूर्ण सम्बन्ध कायम राख्छन्, लोकप्रिय आन्दोलन वा कट्टरपन्थी नीतिमाथि मध्यस्थता, वार्ता र संसदीय अंकगणितमा ध्यानकेन्द्रित गर्दछन् ।

माधवकुमार नेपाललाई निराश तर आदर्शवादी छविका रूपमा चित्रित गरिन्छ । केपी ओलीबाट माधव नेपालको विभाजनलाई ओलीको अधिनायकवादी हर्कतका लागि एक सशक्त नैतिक दबाबका रूपमा हेरिएको थियो । तर समयसँगै, उनको नवगठित नेकपा (एकीकृत समाजवादी)ले आफूलाई वैचारिक रूपमा अलग राख्न संघर्ष गर्नुपरेको छ । पार्टी अनुशासन र लोकतान्त्रिक मान्यताहरूमा कडा मिहिनेतका बाबजुद, उनको राजनीतिक छनोटहरू प्राय: प्रणालीगत सुधार भन्दा व्यक्तिगत इगो प्रतिध्वनित गर्छन् ।

शेरबहादुर देउवा र प्रचण्डसँगको मिलन रणनीतिक थियो । माधव नेपालसँग भएको संख्या कुनै बेला देउवा र प्रचण्डका लागि मूल्यवान् थियो । यसअघिको गठबन्धनमा माधवको भूमिकाले देखाउँछ कि कति निराश नेता पनि वार्ताको टेबलमा पुन: प्रवेश गर्नुपर्छ । उनको यात्राले नैतिक उच्च धरातल विरलै गठबन्धनको राजनीतिको तापमा बाँच्न सक्छ भन्ने कुराको सम्झना गराउँछ । राजेन्द्र लिङ्देन र केपी शर्मा ओली एकअर्काका सहयोगी तर विरोधी भूमिकामा देखा पर्दछन् । निर्वाचनका बखत तालमेल गरेर संसद् छिर्ने तर संसद् र सडकमा मारमुङ्गी गर्ने भूमिका कसैलाई पनि पत्यार लागेको छैन । निर्वाचनका बखत राष्ट्रवादी देखापरेको राप्रपा आन्दोलनमा भारतको झण्डा र आदित्यनाथको फोटो प्रयोग गरेका कारण भारतवादीका रूपमा प्रस्तुत हुँदैछ । राजतन्त्रवादी र रुढिवादीहरूप्रति ओलीको कटाक्ष कहींकतै पनि मेल खाँदैन ।

ओली सत्तामा लिङ्देन सडकमा बाझेका छन् । भोलिको चुनावमा के गर्लान् कसैले अनुमान गर्न सकेको छैन । उनीहरूको सम्बन्धले ट्रम्पले मस्क जस्ता व्यक्तिहरूलाई कसरी प्रयोग गर्छन् भनेर प्रतिबिम्बित गर्दछ । यो केवल पहुँच विस्तार र गठबन्धनको विविधीकरण गर्ने स्वार्थका लागि हो तर गहिरो सम्झौताको लागि होइन भन्ने पुष्टि गर्दछ । हिन्दूत्व र राजतन्त्र वरिपरि लिङ्देनको वैचारिक स्पष्टताले ओलीलाई दक्षिणपन्थीहरूको समर्थन प्राप्त भइरहन्छ, जुन ओलीले राष्ट्रवादी टिकट छनोट गरेमा चुनावी रूपमा उपयोगी हुन सक्छ । तैपनि, मस्क र ट्रम्प जस्तै, यो सम्बन्ध पनि लेनदेनको हो । ओलीले लिङ्देनलाई कनिष्ठ साझेदारको रूपमा तयार पार्न सक्छन् वा विपक्षी एकतालाई रोक्नको लागि उनलाई नजिक राख्न सक्छन् । यही सम्बन्ध रविका हकमा पनि हुबहु लागू हुन्छ । कुनै बेला ओलीका उप-प्रधानमन्त्रीका सारथि यतिबेला कटाक्ष गर्दै बितेको छ । यो कुरा दुवैका हकमा समान रूपमा लागू हुन्छ ।

**विचार विरुद्ध उपयोगवाद**

ट्रम्प-मस्क र केपी-प्रचण्ड-देउवा-माधव-राजेन्द्र वा रवि सबै सम्बन्धले विश्वव्यापी राजनीतिक प्रवृत्तिको यो झलक प्रकट गर्दछ कि कसरी उपयोगितावादले विचारलाई परास्त गर्दछ । गठबन्धनहरू तरल हुन्छन्, दर्शनको सट्टा उपयोगितामा आधारित हुन्छन् । नेताहरूले प्रभाव खोज्छन्, सधैं विचार र दर्शन होइन । यो कमजोर पार्टी अनुशासन, परिवर्तनशील जनभावना र नीति भन्दा प्रदर्शनशीलतालाई पुरस्कृत गर्ने सोसल मिडियामा छाएको वातावरणले सक्षम बनाउँछ ।

यसबाहेक, व्यक्ति ब्रान्डिङले बढ्दो रूपमा राजनीतिक पूँजीलाई आकार दिन्छ । मस्कका ट्वीटहरूले बजार र कानूनलाई प्रभाव पार्छन् । यता, आ-आफ्नो पृष्ठभूमि भएकामध्ये पनि प्रचण्डको क्रान्तिकारी विगतले उनलाई विरासतमा महत्व दिन्छ । केपी ओली, ट्रम्प जस्तै, प्रत्यक्ष सञ्चार र प्रतिक्रियात्मक राष्ट्रवादमा फस्टाउँछन्, प्राय: पार्टी प्रक्रियाहरूलाई बाइपास गर्छन् । आधुनिक राजनीतिको बारेमा यी सम्बन्धहरूले के परिणाम दिन्छ त्यो महत्वको विषय हो । अमेरिका र नेपाल दुवैमा स्थिर वैचारिक शिविरहरूको युग फिक्का हुँदै गइरहेको छ । यसको सट्टा सत्ता र कुर्सी स्वार्थका कारणले अप्राकृतिक गठबन्धन र निकटता केवल शक्ति बाँडफाँड आजको सच्चा राजनीति हो । जसरी मस्क र ट्रम्पले व्यापार र लोकप्रियताको नयाँ मिश्रणलाई मूर्त रूप दिन कोशिश गरे स्वार्थ बाझिंदा विच्छेदको अवस्थामा पुगे त्यसरी नै नेपालका शीर्ष नेताहरूले गठबन्धन निर्माण र विनिर्माणलाई वैचारिक सम्झौताको रूपमा होइन सत्ता भागबण्डाको राजनीतिक यथार्थको रूपमा व्यक्त गर्छन् ।

जब राजनीतिक सम्बन्धहरू विश्वास भन्दा शक्ति, स्वार्थ र सुविधाद्वारा बढी सञ्चालित हुन्छन्, सार्वजनिक जवाफदेहिता कठिन र आवश्यक दुवै हुन्छन् । यी सम्बन्धहरू माथिको विवेचनाले देशभित्र वा बाहिर आजको राजनैतिक नेतृत्वको अन्तर्निहित तर्कलाई पहिचान गर्न मद्दत गर्न सक्छ । कसले विचार र विश्वासमा हैन, कसले स्वार्थमा साझेदारी गर्छ भन्ने कुरा अहम् प्रश्न हो । विचारको अन्त्य भयो भन्ने उत्तर आधुनिकतावादीहरूका लागि यो भरपर्दो केस स्टडी हो । विश्व-राजनीतिमा देखापरेको मौका परस्तवाद नेपाली भूमिमा झाँगिएको छ । यसबाट पार पाउने उपाय भनेको विचारको विकास, विचारको बहस र विचारकै प्रतिस्पर्धा हो । तर आज त्यही चिजको खडेरी छ । हिप्पोक्रेसी आजको समस्या हो ।

*(साभार: अनलाइनखबर)*

# ब्युरोक्रेसीमा मुख हैन, दिमाग चलाउनुपर्छ

भागवत खनाल

सर्वप्रथम त म यो संक्षिप्त विचार प्रकाशन गर्ने आधार जुटाइदिनुभएकोमा पूर्वसचिव कृष्ण ज्ञवालीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मार्टिन चौतारीबाट हालै प्रकाशित ‘समाज अध्ययन’ पुस्तकमा उहाँको ‘नेपाली कर्मचारीतन्त्रको पेसागत प्रवृत्ति र मनोवृत्ति’ शीर्षक लामो लेख प्रकाशित भएको रहेछ । निजामती सेवामा झन्डै साढे तीन दशक बिताएर हाल सेवानिवृत्त जीवन गुजारिरहेको मलाई शीर्षकले नै तानिहाल्यो । लेखमा साह्रै कुशलतापूर्वक निजामती सेवाको साङ्गोपाङ्गो इतिवृत्त दिइएको छ । पञ्चायत व्यवस्थाको समयको कुरा हो, निजामती सेवा के हो भन्ने प्रश्नको उत्तरमा एकजना योग्य प्रशासकको उत्तर थियो, ‘निजामती सेवा त्यस्तो वृत्ति हो, जसमा सबैभन्दा राम्रो गरी लेख्न र बोल्न जान्ने उम्मेदवार छनौट भएर आउँछ ।

परन्तु नियुक्तिपत्र हातमा पर्नासाथ उसले अदम्य आदेश पाउँछ, ‘अबदेखि नियमले जे लेख्न भन्छ त्यही लेख्नू र जति बोल्न भन्छ, त्यति मात्र बोल्नू ।’पूर्वसचिव कृष्ण ज्ञवालीले निजामती सेवामा प्रवेशका बखतको बडो रोचक प्रसङ्ग दिनुभएको छ । शाखा अधिकृत पदमा उहाँको पदस्थापन मन्त्रिपरिषद् सचिवालयमा भएको रहेछ । त्यहाँ अत्यन्तै मेधावी र इमानदार प्रशासकमा नाम कमाएका राधारमण उपाध्याय सचिव पदमा कार्यरत हुनुहुन्थ्यो । हाजिर भएको भोलिपल्टै उहाँले कृष्ण ज्ञवालीलाई भन्नुभएछ, ‘भर्खरै विश्वविद्यालयमा पढाइ सकेर आउनुभएको छ । बोल्न सिपालु हुनुहुन्छ भन्ने सुनेको छु । तर ब्युरोक्रेसीमा मुख हैन, दिमाग चलाउनुपर्छ । ‘ओपन योर माइन्ड, क्लोज योर माउथ’ । यो मन्त्र कहिल्यै नबिर्सनुहोला ।’ यो सुनेर कृष्ण विस्मित र यत्किञ्चित विचलित पनि हुनुभयो । मनमा लाग्यो, ‘ब्युरोक्रेसीमा साँच्चिकै अनफिट हुन्छु कि क्या हो !’

२०६० को दशकमा उहाँ अर्थ मन्त्रालयको सहसचिव पदमा कार्यरत हुनुहुन्थ्यो । भानुप्रसाद आचार्य सचिव हुनुहुन्थ्यो । मन्त्रीहरूको प्रवृत्तिलाई नजिकैबाट नियालेका सचिवले एक अनौपचारिक प्रसङ्गमा भन्नुभयो, ‘नैतिकताको बन्धनले यहाँ काम गर्दैन । निर्भीक र शिष्ट भएर कानुन देखाउँदै नमिल्ने कुरा मिल्दैन भन्न सकियो भने मन्त्रीहरूबाट हुने अनियमितता र भ्रष्टाचार आधा घट्छ ।’ वर्तमान नेपालमा त्यस्ता अडानयुक्त र निर्भीक सचिव कति जना होलान् ?

उहाँले लेखमा ब्युरोक्रेसी प्राज्ञिक क्षेत्रमैत्री हुन नसकेको कुरा पनि उठाउनुभएको छ । निजामती सेवाबारे कलम चलाउने लेखकहरूले प्राय: राजनीति र प्रशासनमाझको अन्तर्सम्बन्धबारे उल्लेख गर्ने गरेको पाइन्छ । कृष्ण ज्ञवालीले ‘अनुदार अगतिशील, अहङ्कारी र यथास्थितिप्रिय’ भनी आरोपित कर्मचारीतन्त्रले प्राज्ञिक क्षेत्रसँग सहकार्य गर्नमा उस्तो रुचि राख्ने नगरेको कुरा उल्लेख गर्नुभएको छ । ज्ञवालीले लेखको शुरुवातमै बडो रोचक ढङ्गले यो विषयलाई उठान गर्नुभएको छ । सेवा प्रवेशका लागि अन्तर्वार्ताको क्रममा उहाँको वाक्चातुरीबाट प्रभावित एकजना अन्तर्वार्ताकारले भन्नुभयो, ‘भाइ तपाईं राम्रो बोल्नुहुँदो रहेछ । तपाईं त ब्युरोक्रेसीमा भन्दा पनि एकेडेमियामा फिट हुनुहुन्छ जस्तो लाग्यो । ह्वाई डोन्ट यु ज्वाइन द युनिभर्सिटी ?’

यसो विचार गर्दा यो प्रश्न निजामती क्षेत्रभन्दा बाहिरका विज्ञ सदस्यले उठाएको जस्तो लाग्यो । यस प्रश्नको प्रत्युत्तरमा उहाँले झनै चतुऱ्याइँपूर्वक जवाफ दिनुभएको छ । कृष्णले दुवै पक्षले राख्ने गरेको ‘ऊभन्दा म ठूलो’को श्रेष्ठताभासको खाडल पुर्नका लागि आफू निजामती सेवामा आउन लागेको कुरालाई योग्यतापूर्वक पुस्ट्याइँ गर्नुभयो । प्राज्ञिक मानिस नै सेवामा प्रवेश गरे तापनि निजामती कर्मचारीको काम प्रक्रियामुखी हुने भएकाले कामको सिलसिलामा उसको प्रज्ञाको खासै प्रयोजन हुँदैन । निजामती सेवा लचिलो नभई अररो प्रकृतिको हुन्छ । त्यसैले त्यहाँ प्रवेश गरेको मानिसको व्यक्तित्व पनि क्रमश: प्राज्ञिक कोमलताबाट प्रशासनिक कठोरतामा रूपान्तर हुँदै जान्छ होला । निजामती सेवकलाई आफ्नो आँटबाट केही नवीन धारणा प्रस्तुत गर्ने प्राज्ञिक स्वतन्त्रता पनि हुँदैन ।

मुख बन्द र दिमाग खुला राख्ने प्रवृत्तिको सेवामा प्रवेश गरेको मानिसले धेरै मुख चलाएर बौद्धिकता प्रदर्शन गर्नु पनि त कसरी गर्नु । लकिरको फकिर बन्दै प्रक्रियालाई ‘फलो’ गर्ने निजामती सेवक जोखिम मोलेर ‘जान्ने हुन’ पनि त सक्दैन । तथापि अब समयले कोल्टे फेरेको छ । अहिलेको जमानामा एउटा ब्युरोक्र्याट फाइलका शुष्क पानामा मात्र सीमित भएर बस्न सक्दैन । वास्तवमा भन्ने हो भने अबको खाँचो नै ‘प्रज्ञावान् निजामती सेवा’ हो ।

उता निजामती सेवाप्रति प्राज्ञिक फाँटको धारणा पनि सकारात्मक नरहेको नै बुझिन्छ । केही वर्षअघि एकजना प्राध्यापकले निजामतीका अधिकृतहरूलाई ‘रिजेक्टेड ब्रेन’ भनेर उपहास गर्दा तरङ्ग उत्पन्न भएको थियो । विशेष गरेर त्रिभुवन विश्वविद्यालयमा स्वत: स्थायी गर्ने र दक्षता एवं कार्यसम्पादनको आधारमा नभई सेवा अवधिको आधारमा माथिल्लो पदमा बढुवा गर्ने परिपाटी बसालिएको हुँदा विज्ञताको आधार कमजोर हुन गएको कुरा पनि साँचो हो ।

ज्ञवालीले निजामती सेवाको निष्पक्षता र तटस्थताका सम्बन्धमा विस्तारमा विवेचना गर्नुभएको छ । निष्पक्षता निजामती सेवाको अनिवार्य र सर्वकालीन पहलु हो । जहाँसम्म तटस्थताको कुरा छ, कर्मचारी कहिल्यै पनि निरपेक्षरूपमा तटस्थ रहन सक्दैन । उहाँ लेख्नुहुन्छ, ‘अहिलेको कर्मचारीतन्त्र वेबरियन मान्यता अनुरूप राजनीतिबाट चाहेर पनि पूर्णरूपले तटस्थ रहन सक्दैन । व्यवहारत: पूर्णरूपको तटस्थता न नियन्त्रित एकदलीय राजनीतिक प्रणालीमा सम्भव र उपलब्ध छ, न त उदार बहुदलीय प्रणालीमा ।’ कर्मचारीतन्त्रको तटस्थता र प्रतिबद्धताका सम्बन्धमा उहाँको समग्र अभिमत थाहा पाउन उल्लिखित लेख नै पढ्नुपर्ने हुन्छ ।

उहाँ अगाडि लेख्नुहुन्छ, ‘नामरूपहीनता वा अवैयक्तिकताको मान्यता पनि कर्मचारीतन्त्रमा पुरातन भइसकेको छ ।’ अहिलेको निजामती कर्मचारी गुमनाम सेवक हुन सक्दैन । ‘हाकिम खुशी भए भैगो नि !’ भन्ने परम्पराले अब काम गर्दैन । आजको कर्मचारी बहु-उत्तरदायित्वमा हुन्छ । आफ्नो सुपरीवेक्षक मात्र नभई सेवाग्राहीलाई समेत सन्तुष्ट राख्नु कर्मचारीको कर्तव्य हो । कृष्ण लेख्नुहुन्छ, ‘सेवाग्राही त भैहाले, नागरिक समाज र सञ्चार जगत्ले पनि कर्मचारीको कार्यसम्पादन उपर चासो राख्ने, आलोचना गर्ने र यदाकदा प्रशंसा गर्ने पनि गर्छन् ।’ कर्मचारीको अनुशासन, जवाफदेही, सेवाग्राही र कर्मचारीको मनोवैज्ञानिक अन्तर्सम्बन्ध, कर्मचारीको निजी जीवनको आयाम र सुशासनजस्ता विषयमा उहाँको विवेचना सम्बन्धित क्षेत्रका मानिस र आधुनिक ब्युरोक्रेसीबारे जिज्ञासु जोसुकैका लागि निकै लाभदायी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ५ गते बिहीबार १९ जुन २०२५ । अष्टमी, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलोको समय रहेको छ | **तुला** | : भेटघाटमा समय बित्नेछ |
| **वृष** | : शरीरमा समस्या देखिन सक्नेछ | **वृश्चिक** | : सम्पत्तिको खचपच हुनेछ |
| **मिथुन** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **धनु** | : सुखभोगको समय रहेकोछ |
| **कर्कट** | : सानातिना अवरोध आइरहनेछ | **मकर** | : आर्थिक लाभ मिल्नेछ |
| **सिंह** | : मित्रसंग विवाद हुनसक्नेछ | **कुम्भ** | : विवाद हुन सक्ने |
| **कन्या** | : धन खर्च हुनेछ | **मीन** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |

## मध्यमकालीन खर्च संरचना :

# तीन वर्षमा ८९ खर्बको अर्थतन्त्र, प्रतिव्यक्ति आय २ हजार ८७ डलर



काठमाडौं/आगामी तीन आर्थिक वर्षमा नेपालको अर्थतन्त्रको आकार (कुल गार्हस्थ उत्पादन-जीडीपी) ८९ खर्ब ९ अर्ब रुपैयाँ बराबर पुग्ने प्रक्षेपण गरिएको छ । राष्ट्रिय योजना आयोगले तयार पारेको मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) अनुसार आव २०८४/८५ सम्म अर्थतन्त्रको आकार ८९ खर्ब ९ अर्ब पुर्‍याउने लक्ष्य राखिएको छ ।

चालु आव २०८१/८२ मा अर्थतन्त्रको आकार उपभोक्ता मूल्यमा ६१ खर्ब ७ अर्ब रुपैयाँ पुगेको राष्ट्रिय तथ्यांक कार्यालयको अनुमान छ । चालु आव आधारभूत मूल्यमा ३.९९ प्रतिशत र उपभोक्ता मूल्यमा ४.६१ प्रतिशतको आर्थिक वृद्धिदर हुने अनुमान सार्वजनिक भइसकेको छ । आगामी आव २०८२/८३ मा ६ प्रतिशतको वृद्धिदर प्राप्त गर्ने लक्ष्य छ । यस वर्ष जीडीपी आकार ६८ खर्ब २९ अर्ब पुग्ने अनुमान छ । २०८३/८४ मा ७.६० प्रतिशत आर्थिक वृद्धिको लक्ष्य र अर्थतन्त्रको आकार ७७ खर्ब ८९ अर्ब र २०८४/८५ मा ७.९० प्रतिशत र अर्थतन्त्रको आकार ८९ खर्ब ९ अर्ब रुपैयाँ पुग्ने लक्ष्य छ ।

आगामी तीन आर्थिक वर्ष औसत ७.१ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त हुने लक्ष्य छ । यो तीन वर्षमा मुद्रास्फीति भने औसत ५.८ प्रतिशत रहने अनुमान छ । आर्थिक गतिविधि चलायमान हुँदा वास्तविक क्षेत्रका आपूर्ति तथा माग दुवै पक्षमा सकारात्मक प्रभाव पर्ने अनुमान छ ।

**तीन वर्षमा कस्तो रहने छ अर्थतन्त्र ?**

आयोगले मध्यमकालीन खर्च संरचना मार्फत आगामी तीन वर्षमा निर्माण क्षेत्रमा क्रमिक सुधार हुँदै जाने र विपद्‌बाट क्षतिग्रस्त सम्पदा पुनर्निर्माण क्रियाकलापले आगामी आवमा अर्थतन्त्रले गति दिने अनुमान गरेको छ । खानी तथा उत्खनन, उत्पादनमूलक उद्योग, थोक तथा खुद्रा व्यापार, यातायात, घर जग्गा कारोबार लगायत क्षेत्रको वृद्धिदरमा समेत सकारात्मक असर पर्नेसमेत अनुमान आयोगको छ ।

कृषि क्षेत्रको वृद्धिदर बढ्ने अपेक्षा गरिएको छ । यसबीच निजी क्षेत्रबाट हुने संस्थागत कृषि कार्य र तहगत सरकारका कृषि सुधारका प्रयासले थप मजबुत हुने र मौसम अनुकूल हुने अपेक्षा गरिएको छ । निर्माण भइरहेका राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय प्राथमिकताका आयोजनाका साथै तीन तहका सरकारबाट कार्यान्वयन भइरहेका यातायात, सिँचाइ, आवास र सहरी विकास क्षेत्रमा सार्वजनिक निर्माणका कामले समेत अर्थतन्त्र विस्तार हुने अनुमान छ ।

आन्तरिक मागमा बढोत्तरी, निर्माण क्षेत्र र कृषि उत्पादन वृद्धिका कारण औद्योगिक उत्पादन वृद्धि हुनेसमेत आयोगको प्रक्षेपण छ । जलविद्युत् क्षेत्रमा निर्माणाधीन आयोजनामध्ये सम्पन्न हुने चरणमा रहेका आयोजना निर्माणले गति लिने र कुल जडित क्षमता एवं विद्युत् खपत बढ्ने अनुमान छ । सेवा क्षेत्रतर्फ भारत, चीन लगायत देशबाट हुने पर्यटक आगमनमा वृद्धि र अन्य क्षेत्र चलायमान हुने र आवधिक निर्वाचनका कारण आवास र भोजन सेवाका क्रियाकलाप, वित्तीय तथा बीमा क्रियाकलाप, सञ्चार तथा सूचना प्रविधि र व्यक्तिगत सेवाका क्रियाकलाप समेत बढ्ने आयोगको अनुमान छ ।

**१५ वर्षमा पाच गुणा बढ्यो अर्थतन्त्र**

राष्ट्रिय योजना आयोगका अनुसार नेपालको अर्थतन्त्र पछिल्लो १५ वर्षको अवधिमा भने झन्डै ५ गुणाले बढेको पाइएको छ । २०६७/६८ मा अर्थतन्त्रको आकार १५ खर्ब ५९ अर्ब थियो । १५ वर्षमा पाँच गुणाले बढेर अर्थतन्त्रको आकार २०८१/८२ मा ६१ खर्ब ७ अर्ब रुपैयाँ पुगेको हो ।

यस अवधिमा सबैभन्दा धेरै आर्थिक वृद्धिदर २०७३/७४ मा ८.९८ प्रतिशत पुगेको आयोगको तथ्यांक छ । सबैभन्दा कम भने २०७६/७७ थियो । आवमा माइनस दुई दशमलव ३७ प्रतिशत आर्थिक वृद्धिदर थियो । यस प्रकार पछिल्लो १५ वर्षयता औसत ४.३० प्रतिशतको आर्थिक वृद्धिदर भएको देखिन्छ । आयोगका अनुसार यस अवधिमा जीडीपीको क्षेत्रगत संरचनामा समेत उल्लेख्य परिवर्तन आएको देखिएको छ ।

प्राथमिक क्षेत्र (कृषि तथा वन) को हिस्सा घटेर एक चौथाइ हाराहारी कायम भएको छ । द्वितीय क्षेत्रको हिस्सा समेत घट्दो क्रममा देखिन्छ । सेवा क्षेत्रको हिस्सा भने निरन्तर बढ्दो क्रममा छ । यस अवधिमा विद्युत् तथा ग्यास, निर्माण, आवास तथा भोजन सेवा, थोक तथा खुद्रा व्यापार, सार्वजनिक प्रशासन तथा रक्षाजस्ता क्षेत्रको योगदान उल्लेख्य छ ।

**तीन वर्षमा प्रतिव्यक्ति आय २ हजार ८७ डलर**

आगामी तीन वर्षमा प्रतिव्यक्ति आय २ हजार ८७ अमेरिकी डलर पुग्ने अनुमान छ । चालु आव प्रतिव्यक्ति आय १ हजार ५ सय १७ डलर छ । आगामी आव २०८२/८३ मा १ हजार ६ सय ६०, २०८३/८४ मा १ हजार ८ सय ५९ र २०८४/८५ मा २ हजार ८७ डलर पुग्ने अनुमान मध्यमकालीन खर्च संरचनाले गरेको छ ।

**वाह्य क्षेत्र कस्तो रहला ?**

आयोगका अनुसार पछिल्लो १५ वर्षमा व्यापार सन्तुलनमा अपेक्षित सुधार छैन । २०६७/६८ मा जीडीपीको २९.५ प्रतिशत रहेको व्यापार घाटा २०७८/७९ मा ४२.६ प्रतिशतसम्म पुगेको थियो । २०८०/८१ मा भने जीडीपीको ३०.६ प्रतिशत कायम छ । यस अवधिमा विप्रेषण आप्रवाहमा औसत १३.९ प्रतिशतले वृद्धि भएको छ । २०७३/७४ देखि हरेक वर्ष ऋणात्मक रहेको चालु खाता सन्तुलन पछिल्ला दुई आवयता भने बचतमा छ । शोधनान्तर स्थिति पनि बचतमा छ । विदेशी विनिमय सञ्चिति समेत उल्लेख्य बढेको छ ।

आगामी तीन वर्षमा वस्तु निर्यातमा देखिएको पछिल्लो सुधार कायमै रहने र सेवा क्षेत्रले निर्यातमा थप योगदान दिने अनुमान छ । निर्यात गन्तव्य मुलुकको अर्थतन्त्र सकारात्मक रहने एवं नेपाली प्राथमिकताका वस्तु, सूचना प्रविधिजन्य सेवा र विद्युत् निर्यात वृद्धि हुने आयोगले जनाएको छ ।

**बजेट आकार कति ?**

सरकारले आगामी आव २०८२/८३ मा १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ बराबर बजेट सार्वजनिक गरेको छ । २०८३/८४ मा २१ खर्ब २८ अर्ब ५७ करोड र २०८४/८५ मा २४ खर्ब ८ अर्ब ३४ करोड बराबर बजेट आउने छ । यसबीचमा सरकारले १४ खर्ब ८६ अर्ब १९ करोड बराबर पूँजीगत खर्च गर्ने लक्ष्य राखिएको छ । सोही हाराहारी नै वित्त हस्तान्तरण हुने अनुमान छ ।

यो बीचमा सरकारले ८ खर्ब १२ अर्ब ८२ करोड बराबर वैदेशिक ऋण लिने लक्ष्य राखेको छ । यस आधारमा हेर्दा आगामी तीन वर्षमा कुल विनियोजन तथा प्रक्षेपण ६५ खर्ब १ अर्ब रहने अनुमान छ । यसमध्ये चालु खर्च ३८ खर्ब ३२ अर्ब, पूँजीगत खर्च १४ खर्ब ८६ अर्ब र वित्तीय व्यवस्थामा ११ खर्ब ८२ अर्ब विनियोजन गर्ने लक्ष्य राखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# रोकियो उखुमा पाइरहेको क्विन्टलको ७० रुपैयाँ अनुदान



काठमाडौं/उखु खेतीमा कृषकलाई प्रोत्साहन गर्न ७ वर्षदेखि दिइँदै आएको अनुदान रकम अगामी आर्थिक वर्षको बजेटमा कटौती गरिएपछि किसान पलायन हुने जोखिम बढेको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले १५ जेठमा सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा उखु किसानलाई दिइँदै आएको अनुदान रकम नसमेटिएपछि उखु खेतीबाट किसान पलायन हुने जोखिम बढेको हो । चालु आव २०८१/८२ को बजेटमा उखु खेती प्रवर्द्धनका लागि किसानलाई प्रोत्साहन गर्न २ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरिएको छ । तर, आगामी आवको बजेटमा यसबारे कतै उल्लेख नभएपछि किसान थप चिन्तितमात्र छैनन्, उखु खेतीबाटै पलायन हुने जोखिम बढेको हो ।

सरकारले कार्यविधि नै निर्माण गरेर २०७५ सालदेखि उत्पादनका आधारमा किसानलाई अनुदान रकम दिँदै आएको थियो । सरकारले प्रतिक्विन्टल उखुमा ७० रुपैयाँ अनुदान दिने गर्छ । सरकारले दिने अनुदान रकम कटौती हुने भएपछि उत्पादन लागत नउठ्ने भन्दै किसान थप चिन्तित बनेका छन् । २८ जेठमा उखु उत्पादक संघसम्बद्ध जिल्लाका एक दर्जन प्रतिनिधि चालु आवमा सिर्जित दायित्व डेढ अर्ब बढी रकम निकासा गरिदिन भन्दै अर्थमन्त्री पौडेल, कृषिमन्त्री रामनाथ अधिकारी र उद्योगमन्त्री दामोदर भण्डारीलाई भेट्न पुगेका थिए ।

तर, मन्त्रीहरूले भने 'पैसा दिन नसकिने' भनेर जवाफ फर्काएको उखु उत्पादक संघ सर्लाहीका उपाध्यक्ष श्यामबाबु रायले जानकारी दिए । 'हामीले काठमाडौं पुगेर कृषिमन्त्री, उद्योगमन्त्री र अर्थमन्त्री भेट्यौं, प्रधानमन्त्रीज्यूलाई ज्ञापनपत्र पनि पठाएका छौं,' रायले संचारकर्मीसँग भने, 'त्यस क्रममा अर्थमन्त्रीज्यूले सरकारसँग पैसा नै छैन, कहाँबाट दिने भन्नुभयो ।' उनका अनुसार भेटका क्रममा मन्त्रीहरूले 'उखु खेतीमा अनुदान दिन नसकिने भएकाले बरु धान, मकै, गहुँ लगायत अन्य खेतीतिर लाग्नू' भन्ने सुझाव दिएका थिए ।

'उहाँहरूले उखु खेती छाडिदिनुस्, बरु धान, मकै खेतीतिर लाग्नुस् भन्नुभयो,' मन्त्रीहरूको भनाइ उद्धृत गर्दै रायले भने, 'चिनी त नखाइ पनि बाँच्न सकिन्छ, तर धान, मकै नभई हुन्न भन्नुभयो ।' सांसदहरू हरि उप्रेती र लीला श्रेष्ठमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र पठाएको उनले बताए । यदि प्रधानमन्त्री ओलीले पनि उखु किसानका कुरा नसुने फेरि आन्दोलनमा उत्रिने उनको भनाइ छ ।

**उखुको नाफा भनेकै ७० रुपैयाँ अनुदान**

उपाध्यक्ष रायले उखु उत्पादनमा हुने नाफा नै सरकारले दिँदै आएको ७० रुपैयाँ अनुदान रकम रहेको र उक्त रकम नै कट्टा भएपछि उत्पादन लागत नउठ्ने हुँदा खेती नै नगर्ने मनस्थितिमा पुगेको बताए । 'म अब उखु खेती छाड्छु, लागत नै नउठ्ने भएपछि किन दु:ख मात्रै गरिरहनु ?,' उनी भन्छन्, 'म मात्रै होइन, अरू किसान पनि छाड्छन् । हामीलाई फाइदा हुने नै त्यही ७० रुपैयाँ थियो । त्यो पनि कटौती भएपछि किन खेती गर्नु ?' राय आफैंले अहिले १२ बिघा क्षेत्रफलमा उखु खेती गरेका छन् । अर्को वर्षदेखि उखुको विकल्प खोज्ने उनको भनाइ छ ।

भुक्तानीमा वर्षैपिच्छे झेल्नुपरेको समस्याका कारण किसानको उखु खेतीप्रतिको आकर्षण घट्दै गइरहेको छ । उखुमा मात्रै निर्भर किसान पछिल्लो समय फलफूल, धान, मकै, गहुँ, मुसुरो, तोरी लगायत खेतीमा आकर्षित हुन थालेका छन् । 'पोहोर साल पनि सरकारले किसानलाई दिने अनुदानमा सर्लाही जिल्लाको मात्रै अधुरो पैसा निकासा गरेको थियो,' किसान रायले भने, '३-४ दिन आन्दोलन गरेपछि बल्ल बाँकी रहेको पैसा निकासा भयो । आन्दोलन नगरी कहिल्यै पैसा निकासा हुँदैन । खेतीमा कसरी आकर्षण बढ्छ त ?'

**सरकारले अनुदान भुक्तानी नगर्दा किसान पलायन बढ्दो**

उखु किसान संघर्ष समितिका संरक्षक राकेश मिश्र किसानले पाउने प्रोत्साहन रकम कटौती भएको जानकारी आफूलाई पनि आएको बताउँछन् । किसानलाई अनुदान भुक्तानी गर्दै आएको कोष तथा लेखा नियन्त्रक कार्यालयसँग यस विषयमा जानकारी लिन खोज्दा कार्यालयले भने पुष्टि नगरेको उनले बताए । 'यस विषयमा बुझ्न कोलेनिकासँग सम्पर्क गर्दा हामीलाई पत्र आएको छैन, पत्र नआइ केही भन्न सकिँदैन भन्यो,' उनले भने, 'अनुदान रकम कटौती हुनासाथ उत्पादन ह्वात्तै घट्छ । अनि, पर निर्भरता चुलिँदै जान्छ ।'

किसानले उन्नत जातको उखुको बीउ, मल पनि समयमा नपाएर परम्परागत शैलीकै खेती गर्नुपरेका कारण उत्पादन ह्रास हुँदै आएको छ । उनका अनुसार सरकार र उद्योगीले समयमै भुक्तानी नगर्दा उखु किसान पलायन हुँदै गइरहेका छन् । 'किसान पलायन हुनुको मुख्य कारण पेमेन्ट सिस्टम ठिक नभएर हो,' उनले भने, 'बजेटपछि यो वर्षको रकम भुक्तानी हुने भनिएको थियो । सरकारले नै समयमा भुक्तानी नगरे दोस्रो समस्या सिर्जना हुन्छ ।' मिश्र २ बिघा जग्गामा उखु खेती गर्ने किसानले अहिले १० कट्ठामा मात्रै खेती गर्न थालेको बताउँछन् । यदि भुक्तानी रोकिने र अनुदान रकम कटौती हुने हो भने अर्को वर्षदेखि किसान उखु खेतीबाटै पलायन हुने जोखिम बढेको उनको भनाइ छ ।

**उखु किसान र उत्पादन क्षेत्र घट्दै**

पछिल्ला वर्षहरमा उखु किसान संख्या र उत्पादन क्षेत्र घट्दै गएको सरकारी तथ्यांकले पनि देखाउँछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक अनुसार एक वर्ष अवधिमा उखु उत्पादन क्षेत्रफल १ हजार ७ सय ८७ हेक्टर घटेको छ । आव २०७७/७८ मा ६४ हजार ३ सय ५४ हेक्टर क्षेत्रफलमा उखु खेती हुँदै आएकोमा आव २०७८/७९ मा ६२ हजार ५ सय ६७ हेक्टर क्षेत्रफलमा मात्रै खेती भएको थियो । आव २०७९/८० मा ६२ हजार ८ सय ३३ हेक्टर क्षेत्रफलमा उखु खेती गरिएको मन्त्रालयको तथ्यांक छ । त्यसैगरी आव २०८०/८१ सम्म आइपुग्दा उखु खेती हुने जमिनको क्षेत्रफल ६२ हजार २ सय २५ हेक्टरमा सीमित भएको छ ।

**अनुदान कटौतीको असर ठूलो हुनेछ : चिनी उद्योगी**

नेपाल चिनी उद्योग संघ अध्यक्ष शशिकान्त अग्रवाल आगामी आर्थिक वर्षको बजेटले उखु किसानका लागि अनुदान रकम नसमेटेको हुँदा त्यसको असर ठूलो पर्ने बताउँछन् । 'सरकारले अनुदानमा तोकेको क्विन्टलको ७० रुपैयाँ नदिने हो भने उखु खेती तहसनहस नै हुन्छ,' अध्यक्ष अग्रवाल भन्छन्, 'नेपालमा बाहिरबाट कच्चापदार्थ आयात नगरी राम्रोसँग चलेको उद्योग भनेकै चिनीको हो । यसको उत्पादन बढाउन राज्यले प्रोत्साहन गर्नुपर्नेमा दिएको सुविधा पनि कटौती गर्दा किसान पलायन हुने र उद्योग धराशायी हुने जोखिम बढ्छ ।'

उनका अनुसार यदि सरकारको यो निर्णयले उखु किसान पलायन भए भने चिनी कारखानामा भएको लगानी, बैंकको लगानी धरापमा पर्छ, राज्यले अनुदान रकम दिनैपर्छ । अध्यक्ष अग्रवालले सरकारले उखु किसानको अनुदान रकम भुक्तानी गर्ने आश्वासन दिएको तर हुन्छ कि हुँदैन भन्नेमा विश्वस्त हुन नसकेको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'महाभोज' हेरेपछि के भन्छन् सेलिब्रेटीहरू ?



काठमाडौं/शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'महाभोज'ले बक्स अफिसमा अपेक्षित व्यापार गर्न सकेको छैन । यद्यपि, दर्शकीय प्रतिक्रिया राम्रो मिलेको छ । सहकारी ठगीजस्तो संवेदनशील विषय र मानवीय संवेदनशीलतालाई गहिराइमा चित्रण गरेको भन्दै दर्शकहरूले प्रशंसा गरेका छन् । यो किसिमको प्रतिक्रियाले फिल्मको व्यापारमा विस्तारै बढोत्तरी हुने अपेक्षा गरिएको छ ।

यसैबीच, सोमबार साँझ काठमाडौंमा फिल्मकर्मी, साहित्यकार र अन्य क्षेत्रका व्यक्तिहरूले 'महाभोज' हेरेका छन् । विशेष शोमा कलाकारहरु हरिवंश आचार्य, सरोज खनाल, जितु नेपाल, आयुष्मान देशराज जोशी, परीक्षा लिम्बू, निर्देशकहरु तुलसी घिमिरे, प्रदीप भट्टराई, नवीन चौहान, साहित्यकार अमर न्यौपाने, राजनीतिक विश्लेषक मुमाराम खनाल लगायतको उपस्थिति थियो ।

फिल्म हेरेपछि अधिकांशले यसको कथावस्तुको प्रशंसा गरे । साहित्यकार अमर न्यौपानेले फिल्मले कानुनी राज्यको चुनौतीमाथि प्रश्न उठाएको बताए । देशमा गणतन्त्र आइसक्दा पनि सहकारी पीडितहरूलाई न्याय दिन कानुनले काम नगरेको धारणा व्यक्त गर्दै उनले भने, 'यत्रो ठूलो परिवर्तनपछि पनि कानुनले काम नगर्दा बल नै प्रयोग गर्नुपर्ने हो त भन्ने प्रश्न यो फिल्मले गर्छ ।'

कलाकार हरिवंश आचार्यले फिल्मले जनताको पैसा कसरी दुरुपयोग हुन्छ भन्ने यथार्थ चित्रण गरेको बताए । 'जनताको पैसालाई माथिल्लो स्तरसम्मका नेताले कसरी अपचलन गरेका छन् भनेर फिल्ममा राम्रोसँग देखाइएको छ,' उनले भने ।

अर्का कलाकार सरोज खनालले फिल्मको मुख्य सन्देशलाई प्रकाश पार्दै भने, 'गोली ठोकेर मान्छे मार्ने मात्र हत्यारा हुँदैन, मर्न बाध्य पार्ने मान्छे सबभन्दा ठूलो हत्यारा हुन्छ भन्ने सन्देश नै 'महाभोज' ले दिएको सबैभन्दा ठूलो सन्देश हो । हाम्रो देशमा यो प्रकृति भएका धेरै मानिसहरू छन्, उनीहरूलाई यो फिल्मले झकझक्याउँछ ।'

कलाकार जितु नेपालले फिल्मको विषयवस्तुको मार्मिकता र यथार्थपरकताको प्रशंसा गरे । उनले फिल्म रमाइलो पनि रहेको बताए । अभिनेत्री परीक्षा लिम्बूले फिल्मले नेतृत्वको नकारात्मक प्रभाव कसरी समाजमा पर्छ भन्ने कुरा देखाएको उल्लेख गरिन् । निर्देशक नवीन चौहानले 'महाभोज'का निर्देशक दिनेश राउतको कार्यको उच्च प्रशंसा गरे ।

दिनेश राउतको निर्देशन र विकास सुवेदीको लेखन रहेको फिल्ममा आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, बुद्धि तामाङ, विनोद न्यौपाने, कमलमणि नेपाल, मोहन निरौला, वसुन्धरा भुसाल, सुरक्षा पन्त लगायतको अभिनय छ । सहकारी पीडितको कथा समावेश गरिएको यो फिल्मका निर्माता हिमाल कडरिया हुन् ।

# अमेरिकामा देखाइयो 'यो मन त मेरो नेपाली हो', कथावस्तुको प्रशंसा



काठमाडौं/यही असार २७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'यो मन त मेरो नेपाली हो'को तीनवटा अमेरिकी सहरमा विशेष प्रदर्शनी गरिएको छ । कोलम्बस, ह्यारिसबर्ग र पिट्सबर्ग सहरमा गरिएको विशेष शोमा फिल्म हेर्ने नेपालीहरुको उल्लेख्य मात्रामा उपस्थिति रहेको थियो । सोमबार बेलुका पिट्सबर्गमा भएको शोमा कतिले हलमा सिट नपाउँदा उभिएर समेत फिल्म हेरेका थिए ।

फिल्मलाई अमेरिका प्रदर्शनमा सुखद् प्रतिक्रिया मिलेको छ । नेपाली भाषा, कला, संस्कृतिको जगेर्ना गर्नुपर्छ र नेपालीहरुबीच मजबुत एकता हुनुपर्छ भन्ने सन्देश फिल्मले दिएको प्राय:को धारणा थियो । कतिपयले आफ्नै भोगाइ पर्दामा आएकोमा खुसी व्यक्त गर्दै फिल्म हेरिरहँदा भावुक भएको बताएका थिए । अमेरिकामा फिल्मलाई प्राप्त प्रतिक्रियाले निर्माण टिम उत्साहित देखिएको छ ।

मित्र प्रधान (नर)को निर्देशनमा तयार भएको फिल्ममा विजय बराल, रोशन श्रेष्ठ, विल्सन विक्रम राई, बुद्धि तामाङ, नारायण खाती, आयुषा समाल, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा, विजिता परियार, देवराज राजबंशी लगायतले अभिनय गरेका छन् । नेपाली भाषा, साहित्य, परम्परा र संस्कृतिको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि फिल्म बनाएको निर्देशक प्रधानको भनाइ छ ।

पद्यमा इश्वर इन्टरटेन्मेन्टको प्रस्तुतिमा मित्र प्रधान प्रस्तुतकर्ता रहेको फिल्मलाई ज्ञान बहादुर प्रधान (रोशन)ले निर्माण गरेका हुन् । यसमा शिवम् अधिकारीको लेखन, सौरभ लामाको छायांकन, दीपक शर्मा, विकास चौधरी र थोरम्पो ह्यङ राईको संगीत, देव महर्जन द्वन्द्व, समीर मियाको भिएफएक्स, कविराज गहतराज र प्रमोद भण्डारीको कोरियोग्राफी तथा बनिश शाहको सम्पादन छ ।

# सुदर्शनले प्रदीपलाई लिएर 'शुभ विवाह' बनाउने

काठमाडौं/'प्रेमगीत'पछि निर्देशक सुदर्शन थापा र अभिनेता प्रदीप खड्काबीच एकपटक फेरि सहकार्य हुँदैछ । गत वर्ष सुदर्शनले आफ्नो नयाँ फिल्मका लागि प्रदीपसँग लिखित सम्झौता गरेका थिए । तर, फिल्मको नाम सार्वजनिक गरिएको थिएन । यसै साता निर्देशक थापाले चलचित्र विकास बोर्डमा 'शुभ विवाह' शीर्षकमा फिल्म दर्ता गरेका छन् । जसमा प्रदीपको नाम कलाकारमा राखिएको छ ।

'शुभ विवाह' शीर्षकमा यसअघि पनि तीनजना निर्देशकले फिल्म बनाउने तयारी गरेका थिए । सबैभन्दा पहिला निर्देशक हेमराज विसीले उक्त शीर्षकमा फिल्म बनाउन प्रदीपलाई नै मुख्य भूमिकामा अनुबन्धित गरेका थिए । उनको जोडी बनेर अभिनेत्री साम्राज्ञी आरएल शाह देखिँदै थिइन् । यो २०७५ सालको कुरा हो । पछि एक मुख्य निर्माताले हात झिकेपछि यो फिल्म निर्माण हुन सकेन ।

हेमराजपछि निर्देशक सुरेन्द्र पौडेलले 'शुभ विवाह' बनाउन खोजेका थिए । यसमा प्रदीप नै हुने लगभग तय थियो । तर, उनले पनि बनाउन नसकेपछि निर्देशक आसिफ शाह तम्सिए । फिल्मको मुख्य भूमिकामा निश्चल बस्नेत र स्वस्तिमा खड्का देखिने निश्चित भइसकेको थियो । तर, उनले पनि काम अगाडि बढाउन सकेनन् । अब सुदर्शन उक्त शीर्षकमा फिल्म बनाउन कस्सिएका छन् ।

नामबाटै यो फिल्म विवाहको कथामा आधारित हुने बुझ्न सकिन्छ । यसमा प्रदीपको जोडी कोसँग बाँधिँदैछ भन्नेबारे कुनै जानकारी गराइएको छैन । सुदर्शनले प्रदीपसँग सम्झौता गरेको समयमा भने अभिनेत्रीमा पूजा शर्मा हुनसक्ने चर्चा थियो । तर, 'रावायण'को असफलतापछि सुदर्शन र पूजाबीच पानी बाराबार जस्तै छ । यसैले 'शुभ विवाह'मा उनीहरूबीच सहकार्य हुने सम्भावना देखिँदैन ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# थाहा र गढी पूर्णखोप सुनिश्चित पालिका घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ मकवानपुरको थाहा नगरपालिका 'पूर्णखोप दिगोपना सुनिश्चितता वडा तथा पालिका' घोषणा भएको छ ।

थाहा नगरपालिका खोप समन्वय समितिका संयोजक तथा नगरप्रमुख बिष्णु बिष्ट र जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य प्रशासक कृष्ण मिजारले संयुक्तरुपमा मंगलबार घोषणा गरेका हुन् । यो घोषणा 'पूर्णखोप सुरक्षित भविष्य, स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागितामा पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नारा सहित गरिएको हो । नगर स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीका अनुसार, पहिलोचरणमा नगरका सबै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिसकेपछि, निर्धारित इन्डिकेटर र 'पूर्ण खोप निर्देशिका २०७१' को आधारमा यो वर्ष खोपको दिगोपना सुनिश्चित गरिएको हो ।

गत आर्थिक वर्षमा ०-१५ महिनाका ६४१ जना र १६-२३ महिनाका ५४७ जना बालबालिकाले पूर्णखोप लगाएका थिए । पछिल्लो सर्वेक्षणअनुसार, १६-२३ महिनाका ४३८ र ०-१५ महिनाका ४८८ जना बालबालिकाले पूर्णरुपमा खोप लगाएको तथ्यांक रहेको जनाइएको छ । खोप समन्वय समितिको सक्रियतामा हरेक वडामा घरभेट सर्वेक्षण, २९ वटा खोपकेन्द्रबाट मासिक नियमित सेवा र छुटेकालाई खोप दिने कार्य भएको जनाइएको छ । यसै आधारमा करिब ९५ प्रतिशत खोप पहुँच दर पुगेपछि, पालिकालाई जिल्ला समन्वय समितिमा प्रस्ताव पेश गरिएको र स्वीकृत भई घोषणा गरिएको हो ।





घोषणा कार्यक्रममा प्रमुखअतिथि उपप्रमुख भरत गोपाली, विशिष्टअतिथि जिल्ला जनस्वास्थ्य प्रमुख कृष्ण मिजार, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, १२ वटै वडाका अध्यक्षहरु, स्वास्थ्यसंस्थाका प्रमुखहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागीले खोप सुनिश्चितता पालिका बनाउने प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका थिए ।

१२ वटा वडा रहेको थाहा नगरपालिकामा साबिकका दामन, पालुङ, बज्रवाराही, चिलाङ, टिस्टुङ र आग्रासहित ६ वटा गाविस समेटिएका छन् । पालिकामा एक प्राथमिक स्वास्थ्य केन्द्र, तीन आधारभूत स्वास्थ्य केन्द्र र तीन सहरी स्वास्थ्य केन्द्रसहित पाँचवटा स्वास्थ्य संस्था रहेका छन् । नगरप्रमुख बिष्टले घोषणा कार्यक्रममा खोपले बालबालिकालाई रोग प्रतिरोधात्मक क्षमता प्रदान गर्ने भएकाले कसैलाई पनि खोपबाट वञ्चित गर्न नहुने स्पष्ट पारे । खोप सुनिश्चितता अभियानमा योगदान गर्ने सबै स्वास्थ्यकर्मी र कर्मचारीलाई धन्यवाद दिएका थिए ।

त्यसैगरी मकवानपुरगढी गाउँपालिका पनि पूर्णखोप सुनिश्चिता तथा दिगोपना गाउँपालिका घोषणा भएको छ । पूर्णखोप गाउँपालिका सुनिश्चित गर्ने राष्ट्रिय पूर्णखोप निर्देशिका बमोजिम यही जेठ २५ गतेसम्ममा १६ महिनादेखि २३ महिनासम्मका सबै बालबालिकालाई १५ महिनाको उमेरभित्र पाउनुपर्ने सबै खोप प्राप्त गरेकोले मकवानपुरगढी सुनिश्चिताको घोषणा गरेको हो ।

जिल्ला पूर्णखोप समन्वय समितिको सचिवालयले पूर्णखोप सुनिश्चिता गाउँपालिकाको प्रमाणपत्र प्रदान गरेसँगै मकवानपुरगढी घोषणा गरिएको हो । खोप समन्वय समिति गाउँपालिका संयोजक एवम् गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको अध्यक्षतामा घोषणा कार्यक्रम भएको हो । जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेले 'पूर्णखोप सुनिश्चिता गाउँपालिकाको प्रमाणपत्र' गाउँपालिका अध्यक्ष स्याङ्तानलाई प्रदान गरेका थिए ।

खोप समन्वय वडासमिति र वडामा रहेका स्वास्थ्यसंस्थालाई प्रमाणपत्र प्रदान गरिएको थियो । वडाहरुले वडा घोषणा भएसँगै मंगलबार गाउँपालिका घोषणा भएको स्वास्थ्य शाखाप्रमुख ध्रुवप्रसाद लामिछानेले बताए । गाउँपालिका उपाध्यक्ष मानकुमारी पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत ई. सुधन लामिछाने, २ का वडाध्यक्ष बखानसिं पाख्रिन, ५ का वडाध्यक्ष दीपेश दाहाल, ३ का वडाध्यक्ष भागवत घिमिरे, ४ का वडाध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, वडा ७ का वडाध्यक्ष सूर्यबहादुर रुम्बा, जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत घिमिरे, खोपअधिकृत मनिर आलमको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा गाउँपालिका शाखाप्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि, विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधि, रेडक्रस र टोलविकासका प्रतिनिधिका साथै स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो ।

# नेपाली कागज उत्पादन र क्येर गिभर तालिमको समापन

## 'सीमान्तकृत समुदायका लागि प्रदेश सरकारले विशेष कार्यक्रम ल्याएको छ'- मन्त्री तामाङ

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ राक्सिराङ गाउँपालिकामा सञ्चालित दुईवटा तालिमको एकैदिन समापन गरिएको छ । उद्योग तथा वाणिज्य कार्यालय हेटौंडाको आर्थिक सहयोगमा जिल्ला लघुउद्यम संघ (डिमेगा) मकवानपुरको आयोजनामा सञ्चालित ३० दिने नेपाली कागज उत्पादन तालिम र राक्सिराङ गाउँपालिका तथा प्रदेश व्यावसायिक शिक्षा तथा तालिम परिषद्को आर्थिक सहयोगमा हाम्रो प्रशिक्षण केन्द्रले दिएको ३ सय ९० घण्टे केयर गिभर तालिमको एकैपटक समापन गरिएको हो ।

डिमेगा मकवानपुरका अध्यक्ष दीपेन्द्र रोक्काको अध्यक्षता एवम् बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकमाया तामाङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा मन्त्री तामाङले बागमती प्रदेश सरकार युवा जनशक्तिलाई स्वदेशमै रोजगारी दिने लक्ष्यमा प्रतिबद्ध रहेको बताइन् । आगामी आर्थिक वर्षमा सीमान्तकृत समुदायका लागि प्रदेश सरकारले विशेष कार्यक्रम ल्याएको उनले जानकारी दिइन् । बोटे, हायु, मुसहर, माझी, र वनकरिया समुदायलाई लक्षित गरी चितवन, सिन्धुली, मकवानपुर र रामेछाप जिल्लामा बीउपूँजी सहितका कार्यक्रम ल्याइएको उनले बताइन् ।



महिलाउद्यमीको हितमा आफूले मन्त्रालय सम्हालेदेखि नै काम गर्दै आएको बताउँदै मन्त्री तामाङले उद्योग दर्ता शुल्क १२ हजारबाट घटाएर ३ हजारमा झारेको जानकारी दिएकी छन् । ब्रोअरी दर्ता प्रक्रिया पनि सहज बनाइएको मन्त्री तामाङले बताइन् । मन्त्रालयको कुल ७७ करोड ९६ लाख बजेटले दूरदराजमा बसोबास गर्ने समुदायलाई लक्षित गरेको उनले दाबी गरिन् । मन्त्री तामाङले झोलामा बजेट हाल्ने र काम नगर्ने प्रवृत्तिलाई निरुत्साहित गरिएको बताइन् ।

कार्यक्रममा संविधानसभा सदस्य गोविन्दराम चेपाङले गाँजाखेती रोक्न रोजगारमुखी कार्यक्रम ल्याउनुपर्ने धारणा राखेका थिए ।

राक्सिराङक्षेत्रलाई गाँजा अफिम भनेर चिनिने गरेकोमा दुःख व्यक्त गर्दै युवाका लागि रोजगार मूलक कार्यक्रम ल्याउन उनले आग्रह गरेका छन् । युवालाई वैकल्पिक रोजगारी सुनिश्चित गर्न नसके गाँजा वैधानिक बनाउनुपर्ने उनको धारणा थियो । देशमै रोजगारी सृजना गर्ने उद्योग, कलकारखाना सञ्चालनको दायित्व बोकेको मन्त्रालयमा बजेट कम आएकोमा उनले दुःख व्यक्त गरेका छन् । राक्सिराङ गाउँपालिका उपाध्यक्ष वनस्तम थिङले स्वदेशमै युवा रोजगारीका कुरा उठाउने तर, बजेट छुट्याउने बेलामा प्राथमिकता नदिने प्रवृत्तिको आलोचना गरे ।

राक्सिराङका युवालाई गाँजा अफिमखेती गर्नबाट रोक्न सरकारले लक्षित समुदायका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने उनको भनाई थियो । भाषणमात्रै गर्ने तर, बजेट नछुट्याउने प्रवृत्तिले राक्सिराङका जनतालाई गाँजाखेती गर अनि जेल जाउ भन्नुसरह रहेको भन्दै प्रदेश सरकारप्रति असन्तुष्टि जनाए । कार्यक्रममा मन्त्रालयका निमित्त सचिव महेश पौडेल, उद्योग वाणिज्य कार्यालय प्रमुख रामप्रसाद भुसाल, पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर लगायतले धारणा राखेका थिए ।

# चौलागाईको ४ वर्षे कार्यकाल सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/प्रदेश युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको ४ वर्षे कार्यकाल सकिएको छ ।

२०७८ सालमा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको सरकारको पालामा परिषद्को उपाध्यक्षमा नियुक्त भएका चौलागाईको कार्यकाल जेठ ३१ गते सकिएको हो ।



मंगलबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै चौलागाईले आफ्नो कार्यकालमा भएगरेका कामको विषयमा जानकारी गराएका छन् । परिषद्ले युवा पुस्तालाई प्रदेश सरकार र सरोकारवालासँग जोड्न सफल भएको उनले दाबी गरे । आफ्नो कार्यकालमा ३ पटकसम्म युवा सम्मेलन गर्न सफल भएको निवर्तमान उपाध्यक्ष चौलागाईले बताए ।

आगामी आर्थिक वर्षको बजेटमा प्रदेश युवा परिषद्लाई खेलकुद विकास परिषद्मा गाभ्ने निर्णय सच्याउन समेत उनले आग्रह गरेका छन् । प्रदेश युवा परिषद्लाई अझ सशक्त बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता विपरित खेलकुद परिषद्मा गाभ्ने निर्णय कानूनीरुपमा पनि जटिल भएको उनको भनाइ थियो ।

सीमित युवाको सहभागिता रहने खेलकुद र आम युवाको सक्षमता, क्षमता विकास र रोजगारी सिर्जनाको क्षेत्रमा काम गर्ने युवा परिषद्बीच सरकारले बजेट विनियोजनमा पनि विभेद र असन्तुलित व्यवहार गर्दै आएको चौलागाईले बताएका छन् ।

प्रदेश युवा परिषद्मा रहेर ४ वर्षे कार्यकाल पूरा गर्दै गर्दा १० हजार भन्दा बढी युवालाई रोजगारमूलक तालिम प्रदान गरिएको, सयौं युवा स्वरोजगार भएको उनले उल्लेख गरे । एकपटक भर्चुअल र ३ पटक भौतिक उपस्थितिमै प्रदेशका १३ वटै जिल्लाका युवाको सहभागितामा युवा सम्मेलनको आयोजना गर्नु आफ्नो कार्यकालको महत्वपूर्ण उपलब्धी भएको उनको भनाइ थियो ।

सरकार परिवर्तनको बेला एकपटक प्रदेश सरकारसँग केही असमझदारी भएपनि अदालतले पुनर्स्थापित गरेसँगै आफूलाई काम गर्न कुनै समस्या नभएको चौलागाईले स्पष्ट पारे । चौलागाईंले २०७३ मा जिल्ला युवा समिति मकवानपुरको अध्यक्षको रुपमा एक कार्यकाल सम्हालिसकेका छन् ।

# नेपालमा वायुप्रदूषण मानवस्वास्थ्यका लागि सबैभन्दा ठूलो जोखिम

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ नेपालमा वायुप्रदूषण मानवस्वास्थ्यका लागि सबैभन्दा ठूलो जोखिमको कारक रहेको पाइएको छ ।

मानिसको मृत्यु र अपाङ्गताका लागि वायुप्रदूषण पहिलो जोखिम कारक रहेको विश्व बैंकले भखैरै प्रकाशन गरेको प्रतिवेदनले देखाएको हो । नयाँ प्रतिवेदन अनुसार काठमाडौं उपत्यका र तराईमा अत्यधिक वायुप्रदूषण हुने गरेको छ । यसक्षेत्रमा पछिल्लो एक दशकमा कुनै उल्लेखनीय सुधार भएको छैन । वायुप्रदूषणले नेपालीको औसत आयु झन्डै साढे ३ वर्षले घटाएको र वर्षेनि झन्डै २६ हजार मानिसले अकालमा ज्यान गुमाउने गरेका प्रतिवेदनमा उल्लेख छ ।

वायुप्रदूषणले स्वास्थ्य क्षेत्रबाहेक श्रम उत्पादक, पर्यटन र उड्ययन क्षेत्रमा असर गरिरहेको छ । खराब हावाको गुणस्तरको आर्थिक लागत प्रत्येक वर्ष नेपालको कुलगार्हस्थ्य उत्पादन (जीडीपी) को ६ प्रतिशतभन्दा बढी रहेको विश्व बैंकले जनाएको छ । विश्व बैंकको प्रतिवेदनले कुनै पनि स्वच्छ हावा लक्ष्य पूरा गर्न एकल क्षेत्रीय समाधान पर्याप्त नहुने भन्दै बहुक्षेत्रीय दृष्टिकोणलाई ध्यान दिनुपर्ने सुझाव दिएको छ ।

प्रतिवेदनले नेपालमा स्वच्छ हावाका लागि विद्युतीय गाडी प्रयोगका लागि प्रोत्साहन गरी इन्धनबाट चलने गाडीको पनि निरीक्षण र मर्मत प्रणालीलाई सुदृढ पार्दै लग्नुपर्ने आवश्यकता औंल्याएको छ । यस्तै सडकको धूलो कम गर्न दीर्घकालीन सोचकासाथ सडक मर्मतको काम गर्न विश्व बैंकले सुझाएको छ । औद्योगिक उत्सर्जन कम गर्ने, वन आगलागी घटाउने, भान्सामा विद्युतीय चुल्हो तथा उपकरण प्रयोगमा प्रोत्साहन गर्ने, सीमापार प्रदूषण कम गर्न छिमेकी देशसँग साझेदारी गर्नेलगायत सुझाव प्रतिवेदनले दिएको छ ।

# ज्येष्ठ नागरिकसम्बन्धी सरोकारवालाबीच अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ज्येष्ठ नागरिकसम्बन्धी सरोकारवालाबीच मंगलबार हेटौंडामा अन्तरक्रिया भएको छ । जिल्ला समन्वय समिति मकवानपुरको आयोजना एवम् ज्येष्ठ नागरिक जिल्ला संघ, मकवानपुरको समन्वयमा कार्यक्रम भएको हो ।

कार्यक्रममा वक्ताहरुले ज्येष्ठनागरिकको अनुभवलाई समाज र देशको विकासमा प्रयोग गर्नुपर्ने बताएका थिए । ज्येष्ठ नागरिक सम्बन्धी नीति निर्माणमा ज्येष्ठ नागरिकलाई सहभागी नगराएकोमा उनीहरुले असन्तुष्टि जनाएका थिए । सरकारले ज्येष्ठ नागरिकको हकहितको नियम, कानुन बनाए पनि कार्यान्वयनपक्ष भने कमजोर रहेको उनीहरुको भनाई छ । ज्येष्ठनागरिक इतिहास भएकोले सम्मान गर्नुपर्ने सरोकारवालाको धारणा छ ।

कार्यक्रममा बुढ्यौली साहित्य समाज मकवानपुरका सचिव सुवास खनालले ज्येष्ठनागरिकको नीति, नियम सम्बन्धी प्रस्तुतीकरण राखेका थिए । बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यता एवम् समन्वय समितिका प्रमुख ललितबहादुर घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, ज्येष्ठ नागरिक जिल्ला संघ मकवानपुरका अध्यक्ष हरिप्रसाद सिग्देल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालगायतको आतिथ्यता रहेको थियो ।

२०७८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १० दशमलब २१ प्रतिशत ज्येष्ठनागरिक रहेका छन् । हेटौंडामा भने ज्येष्ठनागरिकको जनसंख्या कुल जनसंख्याको ७ प्रतिशत रहेको छ ।

त्रिदेशीय टी-२०आई शृंखला :

# स्कटल्याण्डमाथि नेपालको संघर्षपूर्ण जित

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ स्कटल्याण्डमा जारी त्रिदेशीय टी-२०आई शृंखलाको आफ्नो दोस्रो खेलमा नेपालले स्कटल्याण्डमाथि २ विकेटको संघर्षपूर्ण जित निकालेको छ । जितका लागिपाएको ९८ रनको लक्ष्य नेपालले १९.५ बलमा ८ विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ३० रन बनाए ।




दिपेन्द्रसिंह ऐरीले १४, बसिर अहमदले १३ र किरण ठगुन्नाले १० रन बनाए । अन्यबाट दोहोरो अंकमा रन बन्न सकेन । लोकेश बमले ९, रोहित पौडेलले ७ तथा अनिल साह, रुपेश सिंह र करण केसीले समान ३ रन बनाए ।

नेपाल ३८-३ को अवस्थामा हुँदा कुशल र दिपेन्द्रले २२ रनको साझेदारी गरे । त्यसपछि नेपालले ६० रनमा चौथो, ७५ रनमा पाँचौं, ७७ रनमा छैटौं, ८७ रनमा सातौं र ९७ रनमा आठौं विकेट गुमाएको थियो । २ बलमा १ रन आवश्यक हुँदा करण केसीलाई साथ दिन क्रिजमा आएका सन्दीप लामिछानेले हल्का ब्याटले खेलेर १ रन पूरा गरेसँगै नेपाल विजयी भयो । स्कटल्याण्डले स्ट्राइकर्स एन्डमा रनआउटको प्रयास गरेपनि करणले रन पूरा गरिसकेका थिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको स्कटल्याण्डले १९.४ ओभरमा अलआउट हुँदै ९७ रन मात्र बनाएको थियो । माइकल लिस्कले सर्वाधिक ४४ रन बनाए । म्याथ्यु क्रसले १५ तथा ब्रान्डन म्याकमुलेनले १० रन बनाए ।

नेपालका लागि सन्दीप लामिछानेले ४ ओभरमा ११ रन मात्र दिएर ४ विकेट लिए । करण केसी र दिपेन्द्रसिंह ऐरीले २-२ विकेट लिँदा ललित राजवंशीले १ विकेट लिए ।

स्कटल्याण्डले ५ ओभर भित्रै ५ विकेट गुमाइसकेको थियो । त्यसपछि क्रस र लिस्क मिलेर ३९ रनको साझेदारी गरेपनि क्रस आउट भएपछि लिस्कलाई क्रिजमा साथ नमिल्दा राम्रो स्कोर बनाउन सकेन । नेपाल यसअघि पहिलो खेलमा नेदरल्याण्ड्ससँग तेस्रो सुपर ओभरमा गएर पराजित भएको थियो । नेपालले अब नेदरल्याण्ड्ससँग बिहीबार खेल्नेछ ।

# आदिवासी जनजातिका लागि लोकसेवा तयारी अभिमुखीकरण




साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आयोजनामा मंगलबार हेटौंडामा लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण भएको छ ।

कार्यक्रममा प्रमुख अतिथिकारुपमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङको उपस्थिति रहेको थियो । लोकसेवा आयोगतर्फको तयारीमा मार्गदर्शन दिन प्रशिक्षकको भूमिकामा उपसचिव कुमार घिसिङले प्रशिक्षण प्रदान गरेका थिए । लोकसेवाको तयारी कसरी गर्ने, तयारीका योजना बनाउने तरिका, लोकसेवा प्रक्रियामा कसरी सहभागी हुने? भन्ने विषयमा सहभागीलाई जानकारी गराइएको थियो ।

नेपाल तामाङ घेदुङ बागमती प्रदेश समितिका अध्यक्ष लिलाकुमार घलान, नेपाल मगर संघ मकवानपुरका सचिव भूपेन्द्र रानामगर, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरका अध्यक्ष नवराज वाईबा, नेपाल तामाङ घेदुङ हेटौंडा उपमहानगरका सचिव सुवास घिसिङसहित विभिन्न समुदायगत संघसंस्थाका प्रतिनिधिको उल्लेख्य उपस्थिति रहेको थियो ।

आदिवासी जनजातिलाई लोकसेवामा सहभागिता बढाउन प्रेरणा प्रदान गर्ने विश्वास आयोजकले व्यक्त गरेको छ । कार्यक्रम नेपाल आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जंगबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको हो ।

# हेटौंडामा मनाइयो योग दिवस

साझाकुरा संवाददाता

हेटौंडा, ३ असार/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले योगाभ्यासबाट स्वास्थ्यलाभ लिन सकिने बताउँदै दैनिक योगाभ्यास अपनाएर स्वस्थ्य र तन्दुरुस्त रहन नागरिकलाई आग्रह गरेका छन् ।

अन्तर्राष्ट्रिय योग दिवसको उपलक्ष्यमा भारतीय महावाणिज्य दूतावास, वीरगंजको संयोजनमा हेटौंडाको रोयल पार्टी प्यालेसमा भएको योगशिविरमा मुख्यमन्त्री लामाले यस्तो बताएका हुन् ।



कार्यक्रममा महावाणिज्य दूत देवी सहाय मीनाले मानवजातिको स्वास्थ्य र समग्र कल्याणका लागि योग जरुरी भएको बताएका छन् । योगशिविरमा विभिन्न राजनीतिक दलका नेता, प्रतिनिधि, विभिन्न नागरिक संगठनका पदाधिकारी, सदस्यसहित २ सय जनाको सहभागिता थियो ।

सन २०१४ मा संयुक्त राष्ट्र महासभाले नेपालसहित १ सय ७७ देशमा अन्तर्राष्ट्रिय योगदिवसको तिथि तय गरेर मनाउन भनेको थियो । यो वर्ष 'एक पृथ्वी, एक स्वास्थ्यका लागि योगको महत्व' नारा तय भएको थियो ।

नेपाल भारत विश्व मैत्री संघ, नेपाल भारत मैत्री संघ, डायनेमिक पब्लिक लाइब्रेरी हेटौंडा र पतञ्जली योग समिति, मकवानपुरले संयुक्तरुपमा योगशिविर आयोजना गरेको हो । योगशिविर आयोजना गरेकोमा महावाणिज्य दूतावासले सबैमा आभार प्रकट गरेको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना